# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “घ” वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्था

Butwal-10, Kalikanagar, Rupandehi, Ph: 071-438513
Website: www.rsdcmf.com, Email: info@rsdcmf.com

## Unaudited Financial Results (Quarterly)

## As at 30th Aswin 2077 (1st Quarter of the Fiscal Year 2077/78)

*(Rs. in '000')*

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **3,569,944** | **3,465,548** | **3,404,448** |
| 1.1 | Paid Up Capital | 671,523 | 671,523 | 633,512.00 |
| 1.2 | Reserve and Surplus | 175,371 | 146,628 | 90,508 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2,684,807 | 2,606,988 | 2,549,000 |
| 1.5 | Deposits (a+b) | - | - | - |
| | a. Members | - | - | - |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | 11,916 | 4,298 | 6,364 |
| 1.7 | Other Liabilities | 26,327 | 36,111 | 125,064 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **3,569,944** | **3,465,548** | **3,404,448** |
| 2.1 | Cash and Bank Balance | 597,320 | 593,779 | 426,393 |
| 2.2 | Money at Call and Short Notice | - | - | - |
| 2.3 | Investments | 274,983 | 2,000 | 2,000 |
| 2.4 | Loans and Advances (net of loan loss provision) | 2,679,574 | 2,856,382 | 2,962,846 |
| 2.5 | Fixed Assets | 8,851 | 9,181 | 5,704 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 9,216 | 4,206 | 7,505 |
| 3 | **Profit and Loss Account** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 78,629 | 420,551 | 98,619 |
| 3.2 | Interest Expenses | 39,486 | 278,403 | 60,119 |
| A | **Net Interest Income (3.1 - 3.2)** | **39,143** | **142,148** | **38,500** |
| 3.3 | Fees, Commission and Discount | 6,099 | 19,878 | 9,323 |
| 3.4 | Other Operating Income | - | - | |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **45,242** | **162,026** | **47,823** |
| 3.6 | Staff Expenses | 3,582 | 12,105 | 3,095 |
| 3.7 | Other Operating Expenses | 4,731 | 18,745 | 4,560 |
| C | **Operating Profit Before Provision (B-3.6+3.7)** | **36,929** | **131,176** | **40,168** |
| 3.8 | Provision for Possible Losses | 3,662 | 26,065 | 4,555 |
| D | **Operating Profit (C-3.8)** | 33,267 | 105,111 | 35,613 |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | 6,433 | 295 |
| 3.10 | Write Back of Provision for Possible Loss | 11,380 | 13,674 | 420 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **44,647** | **125,218** | **36,328** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | 113 | 113 |
| F | **Profit before Bonus and Taxes (E+3.11)** | **44,647** | **125,105** | **36,215** |
| 3.12 | Provision for Staff Bonus | 4,465 | 12,522 | 3,622 |
| 3.13 | Provision for Tax | 12,055 | 33,809 | 9,778 |
| G | **Net Profit/Loss (F-3.12-3.13)** | **28,127** | **78,774** | **22,815** |
| 4 | **Ratios** | **At The End of This Quarter** | **At The End of Previous Quarter** | **At The End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 27.22% | 27.48% | 25.51% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.35% | 0.29% | 0.19% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 376.99% | 510.23% | 610.47% |
| 4.4 | Cost of Funds | 7.21% | 10.23% | 11.22% |

**Notes :** If the Statutory and Supervisory authority notify any remarks to change,the unaudited Statement of financial position could be changed accordingly.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली**
**२०७३ को अनुसूचि-१४, (नियम २६ को उपनियम (१) सँग सम्बन्धीत)**

## आ.व. २०७७/०७८ को प्रथम त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरणः**

क) आ.व. २०७७/०७८ को प्रथम त्रैमासिक अवधिको वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित छ ।

ख) प्रकाशित वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार रहेको छ ।

| | | | |
|---|---|---|---|
| **प्रतिशेयर आम्दानी/(नोक्सान) रु.** | **१६.७५** | **प्रतिशेयर कुल सम्पत्तीको मूल्य रु.** | **१३१.८१** |
| **पी/ई रेसियो प्रतिशत** | **३२.४१** | **तरलता अनुपात प्रतिशत** | **२२.२५** |
| **प्रतिशेयर नेटवर्थ रु.** | **१२६.१२** | | |

**२) व्यवसायिक विश्लेषण :**

क) कोभिड-१९ कोरोनाले समस्त अर्थतन्त्रमा प्रभाव पारीरहेको भएतापनि, यस संस्थाको मौज्दात, आम्दानी तथा तरलताको अवस्था सन्तोषजनक रहेको छ । आ.व.२०७६/०७७ को प्रथम त्रैमासिक अवधिमा संस्थाको खुद नाफा २२,८१५ हजार रहेकोमा यस आ.व.२०७७/०७८ को प्रथम त्रैमासमा रु.२८,१२७ हजार खुद नाफा हुन गएको छ । यस अवधिमा  तरलतामा उल्लेख्य परिवर्तन भएको छैन ।

ख) यस संस्थासंग हाल कारोबार गरिरहेका र कारोबार गर्न सक्ने सम्भाव्य ग्राहकहरुको पहिचान गरि लगानी बढाउँदै लैजाने नीति यस संस्थाले लिएको छ ।

ग) प्राकृतिक प्रकोप तथा महामारीको उचित व्यवस्थापन गरिने छ ।

घ) कोरोनाले गर्दा लामो समय देश नाकाबन्दीमा रहेतापनि संस्थाको रणनितिक योजना बनाई कार्य गरिरहेकोले, निकट भविष्यमा संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा कुनै तात्विक असर पर्ने देखिदैन ।

**३) कानुनी कारबाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको विरुद्ध कुनै पनि मूद्दा दायर भएको छैन र संस्थाले कसै विरुद्ध पनि मुद्धा दायर गरेको छैन ।

ख) यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी छैन ।

ग) यस संस्थाका संस्थापक वा संचालक विरुद्धमा आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको जानकारी छैन ।

**४) संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैयमासको अवधिमा शेयरको अधिकतम मुल्य, न्यूनतम अन्तिम मुल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि.को वेवसाइट अनुसार निम्न बमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य रु. | **६२२** | अन्तिम मूल्य रु. | **५४३** | कुल कारोबार संख्या | **७,९५२** |
| न्युनतम मूल्य रु. | **४५६** | कारोबार भएको कूल दिन | **६२** | शेयर कारोबार (कित्ता) | **७,०३,६३५** |

**५) समस्या तथा चुनौती :**

**समस्याः**

वित्तीय स्रोतको सिमीतता, बाह्य कर्जाको व्याजदरमा हुने उतारचढाव, साझेदार संस्थाहरुको भौगोलिक अवस्थिति, साझेदार संस्थाहरुमा अनुपालनामा समस्या तथा वित्तीय साक्षरताको कमी, दक्ष जनशक्तीको अपर्याप्तता तथा राज्यले गर्ने नीतिगत परिवर्तनहरु ।

**चूनौतीः**

सघन व्यवसायिक प्रतिष्पर्धा, यातायात तथा सञ्चार पूर्वाधारको कमी, वित्तीय/सहकारीको क्षेत्रमा हुने नीतिगत परिवर्तन, स्थानीय तहले लघुवित्त व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा लिने नीति, प्राकृतिक प्रकोप तथा रोगव्याधी, कोरोनाले प्रभाव पारेको अर्थतन्त्र आदि ।

**रणनीतिः**

मुख्यतया ग्रामीण क्षेत्रमा अवस्थित सामुदायिक सहकारी संस्थाहरुको साथै लघुवित्त वित्तीय संस्थाहरुमा समेत सेवा विस्तार गरी थोक लघुकर्जाको क्षेत्रमा यस वित्तीय संस्थालाई सक्षम संस्थाको रुपमा स्थापित गर्नका लागि आगामी दिनहरुमा निम्नानुसारको रणनीति अवलम्बन गरिनेछ ।

- वित्तीय संस्थाले प्रवाह गर्ने सेवामा विविधीकरण गरी अझ प्रभावकारी बनाउदै लग्ने ।
- अन्य बैंक/वित्तीय संस्थाहरुसंगको सम्बन्धलाई मजबूत बनाई आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्ने ।
- साझेदार संस्थाहरुको गुणस्तर तथा संस्थागत क्षमता अभिवृद्धि गरी कर्जामा निहित जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने ।
- वित्तीय संस्थाको समग्र संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- कोभिड-१९, कोरोना भाईरसको महामारीबाट वित्तीय संस्थाको व्यवसायमा परेको प्रभावको उचित विश्लेषण गरी व्यवसायिक रणनीति तयार गरिने छ ।

**६) संस्थागत सुशासन :**

संस्थागत सुशासनको सवालमा संचालक समिति,लेखा परिक्षण समिती, जोखिम व्यवस्थापन समिती बाट नियमीत रुपमा वित्तीय संस्थाका गतिविधीहरु सुक्ष्म अध्ययन तथा विष्लेषण गरि व्यवस्थापन पक्षलाई नीतिगत रुपमा निर्देशन दिने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन र प्रचलित नियम कानूनको परिधीभित्र रही संस्थामा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै लगिएको छ । विद्यमान ऐन, कानून तथा अन्य नीति नियमका आधारमा आफ्नो व्यवसाय संचालन गरी ग्राहकहरुलाई उच्चतम् वित्तीय सेवा प्रदान गर्न कम्पनी दृढ रहेको छ ।

**७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरु सू-सूचित गर्न र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।